## आ.व.२०८२।८३ को पन्ध्रौँ कार्यपालिका बैठक

आज मिति २०८२।१२।२७ गते राप्ती गाउँपालिकाका अध्यक्ष श्री प्रकाश विष्टज्यूको अध्यक्षता तथा तपशिल बमोजिमका सदस्यहरुको उपस्थितिमा गाउँकार्यपालिकाको बैठक बस्यो । बैठकका उपस्थिति र निर्णयहरु यसप्रकार छन् ।

| क्र.सं. | नाम थर | नाम थर | हस्ताक्षर |
|---|---|---|---|
| १ | अध्यक्ष | श्री प्रकाश विष्ट | |
| २ | उपाध्यक्ष | श्री कमलापति चौधरी | |
| ३ | सदस्य ( वडा नं. १ अध्यक्ष ) | श्री गेमे खड्का | |
| ४ | सदस्य ( वडा नं. २ अध्यक्ष ) | श्री पहलवान चौधरी | |
| ५ | सदस्य ( वडा नं. ३ अध्यक्ष ) | श्री उमेश अधिकारी | |
| ६ | सदस्य ( वडा नं. ४ अध्यक्ष ) | श्री विर वहादुर चौधरी | |
| ७ | सदस्य ( वडा नं. ५ अध्यक्ष ) | श्री देव प्रसाद चौधरी | |
| ८ | सदस्य ( वडा नं. ६ अध्यक्ष ) | श्री दीपक कुमार चौधरी | |
| ९ | सदस्य ( वडा नं. ७ अध्यक्ष ) | श्री सिताराम चौधरी | |
| १० | सदस्य ( वडा नं. ८ अध्यक्ष ) | श्री चन्द्र बहादुर गुरुङ | |
| ११ | सदस्य ( वडा नं. ९ अध्यक्ष ) | श्री रिम वहादुर सुनारी मगर | |
| १२ | सदस्य | श्री पार्वती सुवेदी | |
| १३ | सदस्य | श्री चम्फा भुसाल | |
| १४ | सदस्य | श्री रण बहादुर पुजाली सार्की | |
| १५ | सदस्य | श्री गिता चौधरी | |
| १६ | सदस्य | श्री सावित्री चौधरी | |
| १७ | सदस्य | श्री संजिव परियार | |
| १८ | सदस्य सचिव | श्री देविराम पाठक | |
| **आमन्त्रित** | | | |
| १९ | वरिष्ठ लेखा अधिकृत | श्री लेखा भण्डारी | |
| २० | प्रशासकीय अधिकृत | श्री विकास ज्ञवाली | |
| २१ | प्रशासकीय अधिकृत | श्री अनिल आचार्य | |
| २२ | सहायक कृषि अधिकृत | श्री वरसाती गडरिया | |
| २३ | | | |
| २४ | | | |
| २५ | | | |
| २६ | | | |

आ.व. २०८२।८३
बैठक नं.-१५
मिति २०८२।१२।२७

**मिति २०८२।१२।२७ गते राप्ती गाउँकार्यपालिकाका अध्यक्ष प्रकाश विष्टज्यूको अध्यक्षतामा बसेको कार्यपालिका बैठकमा पेश भएका प्रस्तावहरु ।**

| क्र. सं. | प्रस्तावको संक्षिप्त व्यहोरा | निर्णय हुनुपर्ने विषय | कै |
|---|---|---|---|
| १ | अघिल्लो कार्यपालिका बैठकको समिक्षा सम्बन्धमा। | अघिल्लो कार्यपालिका बैठकको समिक्षा गर्ने । | |
| २ | तराई मधेस समृद्धि कार्यक्रम तर्फ योजना माग सम्बन्धमा। | तराई मधेस समृद्धि कार्यक्रम तर्फ योजना छनौट गरि पठाउने | |
| ३ | वैकल्पिक उर्जा कार्यक्रम साझेदारी सम्बन्धमा । | वैकल्पिक उर्जा कार्यक्रमका लागि साझेदारी गर्ने | |
| ४ | स्थानीय शासन कार्यसम्पादन मूल्याङ्कनको अन्तिम मूल्याङ्कन सम्बन्धमा | स्थानीय शासन कार्यसम्पादन मूल्याङ्कनको अन्तिम मूल्याङ्कन पेश गर्ने | |
| ५ | हाटबजारको जग्गा प्राप्ति सम्बन्धमा। | प्रकृया अगाडि बढाउने | |
| ६ | स्थानीय पुर्वाधार संरक्षण तथा उपयोग व्यवस्थापन सम्बन्धमा | स्थानीय पुर्वाधार संरक्षण तथा उपयोग व्यवस्थापन समिति गठन गर्ने | |
| ७ | करदाता सेवा संचालन सम्बन्धमा। | MOU गरी सेवा सुचारु पकृया अगाडि बढाउने | |
| ८ | सडक सम्पत्ति संरक्षण सम्बन्धमा। | राजमार्ग तथा लोकमार्गका सडक सम्पत्ति संरक्षण गर्ने । | |
| ९ | राप्ती ५ शिवनगर(सिङ्गे) सडक स्तरोन्नती तथा कल्भर्ट निर्माण स्थल तोक्ने सम्बन्धमा। | आयोजना स्थल तोक्ने | |

आ.व. २०८२।८३
बैठक नं.-१५
मिति २०८२।१२।२७

**मिति २०८२।१२।२७ गते राप्ती गाउँकार्यपालिकाका अध्यक्ष प्रकाश विष्टज्यूको अध्यक्षतामा बसेको कार्यपालिका बैठकका निर्णयहरु ।**

**निर्णय नं.१** – यस अघिका कार्यपालिका बैठकको निर्णय सम्बन्धमा समिक्षा गरियो ।

**निर्णय नं. २** तराई मधेस समृद्धि कार्यक्रम अन्तरगत देहायको योजनाहरु माग गर्ने ।

| क्र.सं. | योजनाको नाम | तराई मधेस समृद्धि कार्यक्रमले व्यहोर्ने | पालिकाले व्यहोर्ने | जम्मा | कैफियत |
|---|---|---|---|---|---|
| १ | शार्वजनिक शौचालय (मोवाईल ) | ३५ लाख | १५ लाख | ५० लाख | |
| २ | दामोदर सडक वडा नं. ८ पिपरी हुदै वडा नं. ७ र ५ जोड्ने सडक स्तरोन्नती | ७० लाख | ३० लाख | १ करोड | |
| ३ | स्वास्थ्य ईकाई वडा नं. ९ पुर्वाधार विकास | २१ लाख | ९ लाख | ३० लाख | |

**निर्णय नं.३**– राप्ती गाउँपालिका र बैकल्पिक उर्जा प्रवर्द्धन केन्द्र, ताहाचाल काठमाडौ वीच सम्झौता भए बमोजिम बैकल्पिक उर्जा प्रवर्द्धन केन्द्र, राप्ती गाउँपालिका तथा उपभोक्ता वीचको लागत साझेदारीमा संचालित खाना पकाउने स्वच्छ उर्जा कार्यक्रम अन्तरगत उपलब्ध गरबायोग्यास प्लान्ट, विद्युतिय चुलो तथा सुधारिएको चुलोको लागि राप्ती गापाको आ व २०८२।८३ को स्विकृत वार्षिक कार्यक्रम विभिन्न संघसंस्था सँग लागत साझेदारीमा संचालन गर्नुपर्ने कार्यक्रम खर्च शिर्षकबाट रु ५ लाख विनियोजन गर्ने गरी मिति २०८२।०८।२६ गतेको कार्यपालिका बैठकले निर्णय गरेकोमा बदलिदो परिस्थितिमा वैकल्पिक उर्जाको सान्दर्भिकता अझ बढि भएकोले सोही शिर्षकबाट ५ लाख थप गरी रु १० लाख कायम गर्ने ।

**निर्णय नं.४** – स्थानीय शासन कार्यसम्पादन मूल्याङ्कन (व्यवस्थापन तथा सञ्चालन) कार्यविधि, २०८२ को दफा ६ (क)-(च) सम्मका सम्पूर्ण प्रकृया पुरा भई यस राप्ती गाउँपालिकाले स्थानीय कार्यसम्पादन मूल्याङ्कनमा ८५.१ अङ्क (अनुसूची १ वमोजिम अङ्क) प्राप्त गरी उत्कृष्ट नतिजा ल्याउन सफल भएकोले उक्त नतिजा स्वीकृत गर्ने र आवश्यक प्रकृया अगाडी बढाउने ।

आ.व. २०८२।८३
बैठक नं.-१५
मिति २०८२।१२।२७

राप्ती गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय

**निर्णय नं.**[illegible] राप्ती गापा वडा नं. ३ अन्तरगत घण्टदेव सामुदायिक बन उपभोक्ता समूहको श्रीचौरको पूर्वमा बन जाने बाटो, पश्चिममा बन डिभिजन कार्यालय, उत्तरमा खेल मैदान, दक्षिणमा लुम्विनी प्रदेश जाने बाटो वीचमा अस्थायी रुपमा संचालन आईरहेको करिव २ विगाहा क्षेत्रफल ओगट्ने कृषि हाटबजार विकास र व्यवस्थापनको लागि थप संरचनागत पुर्वाधार निर्माण गर्ने गरी स्थानीय किसानको उत्पादन खरिद विक्रि गर्नका लागि राप्ती गाउँपालिकाले प्राथमिकताको पहिलो सूचीमा यस परियोजनालाई राख्ने । साथै सो परियोजना अनुसार जग्गा प्राप्ती र भोगाधिकारका लागि आवश्यक पकृया अगाडि बढाउने ।

**निर्णय नं.६-** स्थानीय पुर्वाधार संरक्षण तथा उपयोग व्यवस्थापनका लागि उपभोक्ता समितिबाट कार्यान्यन हुने योजनाको हकमा अनिवार्य रुपमा तपशिलको बमोजिमको स्थानीय पुर्वाधार संरक्षण तथा उपयोग व्यवस्थापन समिति गठन गर्ने ।

सम्बन्धित टोलको प्रतिनिधित्व गर्ने वडा सदस्य – संयोजक

उपभोक्ता समितिको अध्यक्ष – सदस्य

उपभोक्ता समितिको अनुगमन समितिको संयोजक – सदस्य

**निर्णय नं. ७-** नेपाल सरकारको मिति २०८२।०७।१७ को निर्णय बमोजिम साविकमा करदाता सेवा कार्यालयबाट प्रदान भैरहेका सेवाहरु स्थानीय तहहरुबाट प्रदान गर्ने सम्बन्धमा आन्तरिक राजस्व कार्यालय, तुलसीपुर दाङ संग समझदारी पत्र(Memorandum of Understanding-MOU)का लागि स्विकृति प्रदान गर्ने ।

**निर्णय नं.८-** राप्ती गाउँपालिका भित्र पर्ने राजमार्ग क्षेत्रमा सडक सम्पत्ति सुरक्षाका लागि आवश्यक व्यवस्था गर्ने ।

**निर्णय नं. ९-** राप्ती ५ शिवनगर(सिङ्गे) सडक स्तरोन्नती तथा कल्भर्ट निर्माण आयोजना यस अघी कालोपत्रे भई अधुरो रहेको स्थान हुदै उत्तर तर्फ कार्यान्वयन गर्ने ।

**निर्णय नं.१०-** नसर्ने रोगको प्रकोप न्यूनिकरणका लागि देहाय बमोजिम कार्यक्रम तय गरी कार्यान्वयन प्रकृयामा लैजाने ।

- राप्ती गाउँपालिकाको जनप्रतिनिधि\शिक्षक\कर्मचारीहरु सबैको हरेक चौमासिकमा BMI मापन गर्ने ।
- BMI 24.9 भन्दा बढि भएमा चार महिना समयावधिमा सुधार गर्न स्वास्थ्य शिक्षा दिने ।
- ४ महिना पछि पुनः मापन गर्दा 24.9 भन्दा वढी भएमा रू.१\- कर लिने ।
- अर्को चौमासिकमा मापन गर्दा BMI बढी देखिएमा रु. ५ र १ वर्ष सम्म BMI बढि भएमा सामान्य नभए सम्म वार्षिक रुपमा रु. १२/- का दरले मोटोपनको कर तिर्ने ।

आ.व. २०८२।८३
बैठक नं.-१५
मिति २०८२।१२।२७

**निर्णय नं.११-** सार्वजनिक विदाका कारण विरामीलाई जाँच तथा उपचार परामर्शमा समस्या परेकोले राप्ती आधारभूत अस्पतालमा सार्वजनिक विदाको दिनमा समेत OPD सेवा संचालन गर्ने। साथै सार्वजनिक विदाको दिनमा OPD सेवामा काम गरे वाफत प्रति व्यक्ति रू. २००/- को खाजा खर्च र उक्त दिनको सट्टा विदा दिने।

**निर्णय नं.१२-** राप्ती गाउँपालिका भित्र संचालित विद्यालयहरुमा नयाँ शैक्षिक सत्र देखि विहानीको प्रार्थना सभामा योगा र नैतिक शिक्षालाई समेत अनिवार्य रुपमा समावेश गर्ने ।

**निर्णय नं. १३-** राप्ती गाउँपालिका भित्र यत्रतत्र छरिएर रहेको प्लास्टिक जन्य फोहोर संकलन गरी सम्बन्धित वडा कार्यालयमा पुर्याई बुझाउने। यसरी व्यक्तिबाट संकलित भई आएको फोहोरलाई प्रति वोरा ( ५० kg को बोरा) रु १५० सम्बन्धित वडा कार्यालयबाट भुक्तानी दिई अभिलेख राख्ने। सो को लागि आवश्यक बजेट व्यवस्था गर्ने ।